बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास ,महोत्तरी, मधेश प्रदेश

स्थापना २०७३

प.स.:-२०८१/८२

च.न.:- ४१५

मितिः-२०८१/०४/३०

ने.स.:११४४ गुँलाथ्व ११ शुक्रबार

**विषयः वैदेशिक रोजगार सन्तति छात्रवृत्ति सम्बन्धमा ।**

**श्री वडा कार्यालय सबै,**
**बर्दिबास नगरपालिका, महोत्तरी ।**

बैदेशिक रोजगार बोर्डको सचिवालयको मितिः२०८१/०४/३१ को सूचना अनुसार बैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा बिरामी भई कल्याणकारी कोष बाट बोर्डको सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहयाता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्यनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक एवं संस्थागत विधालयमा अध्यनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन आफु अध्यनरत विधालयमा बैदेशिक रोजगार सन्तति छात्रवृत्ति संचालन कार्यविधि, २०८० को अनुसूची-१ बमोजिम २०८१ साल असोज मसान्त भित्र निवेदन आह्वान भएको छ । सबै वडा कार्यालय हरुले आ-आफ्नो वडाबाट उपरोक्त सुविधा लिन चाहने बिधार्थीहरु बाट दर्खास्त दिन उत्प्रेरित गरि दिनु हुन अनुरोध छ ।

नोटः वैदेशिक रोजगार सन्तति छात्रवृत्ति सम्बन्धि आवेदन फारम यसै पत्र साथ संलग्न गरिएको छ ।

**धर्मानन्द जोशी**
**प्रमुख प्रशासकीय अधिकृत**

**<u>बोधार्थः</u>**

१.श्री शिक्षा, युवा तथा खेलकुद शाखा, बर्दिबास नगरपालिका- विद्यालयहरुमा परिपत्र गरिदिनु हुन ।

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

## वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०४/३१)

वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत वालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० वमोजिम आ-आफ्नो विद्यालयमा यो सूचना प्रकाशन भएको ६० (साठी) दिन (२०८१ असोज मसान्त) भित्र निवेदन पेश गर्नुहुन साथै सम्वन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो स्थानीय तह (शिक्षा समितिबाट निर्णय हुने गरी पालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन निर्देशक समितिको मिति २०८१/४/२४ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी थप जानकारी सचिवालयको वेवसाईटमा विस्तृत सूचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन एवं सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्वर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराईन्छ। सूचना तथा कार्यविधि सचिवालयको वेवसाईट www.feb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

कार्यकारी निर्देशक

डा. द्वारिका उप्रेती

कार्यकारी निर्देशक

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : .................

श्री प्रधानाध्यापकज्यू

.........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :